**बैठक नं.७**

आज मिति २०८०/०९/१० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

विर बहादुर तामाङ - का.वा.वडाध्यक्ष-6

**प्रस्ताव नं. ७.१**

मिति २०८०/८/२९ मा बसेको छैटौं बैठकको समीक्षा सम्बन्धमा ।

**निर्णय नं.७.१**

- मिति २०८०/९/११ गते बुधबार दिनको २:०० बजे नगरसभाको १४ औ अधिवेशन बस्ने गरी मिति र तयारी समेत भईरहेको ।
- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको मुख्य प्रशासनिक भवनको सरसफाईको कार्य निजी क्षेत्र मार्फत गराउने गरी खुल्ला प्रतिस्पर्धाबाट सूचना प्रकाशित भएको हुँदा सो टेण्डर प्रकियाको अन्तिम टुङ्गो नलाग्दा सम्मका लागि म्याद थप गरिएको ।
- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय परिसर भित्र चमेनागृह संचालनका लागि खुल्ला प्रतिस्पर्धा गरिएको र सो को टुङ्गो लागि नसकेको हुँदा हाल संचालनमा रहेको चमेनागृहको २०८० पौष २५ गते सम्मका लागि म्याद थप गरिएको ।
- बुटवल उपमहानगरपालिकाको चालु आ.व.०८०/०८१ का लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रममध्ये उपभोक्ता समितिहरु मार्फत संचालन एवं कार्यान्वयन हुने आयोजनाहरुको लागि सम्झौता गर्ने अवधी २०८० पौष मसान्त सम्म कायम गर्ने गरी म्याद थप गरिएको ।
- बुटवल उपमहानगरपालिका वडा नं. ११ स्थित हात्तीसुढ टोल विकास संस्थाको सम्बन्धमा प्राप्त कागजातहरुको अध्ययन एवं विश्लेषण गरी राय सहितको प्रतिवेदन दिनका लागि कार्यदल गठन गरिएको ।

**प्रस्ताव नं. ७.२**

बुटवल उपमहानगरपालिकाको जलस्रोत (उपयोग) विधेयक, २०८० माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. ७.२**

बुटवल उपमहानगरपालिकाको लागि आवश्यक भई विधेयक र विधायन समितिमा समेत छलफल भई कार्यालयबाट पेश हुन आएको जलस्रोत (उपयोग) विधेयक, २०८० माथि छलफल गरियो । उक्त विधेयक मिति २०८०/९/११ गते दिनको २:०० बजे बस्ने नगरसभाको १४ औ अधिवेशनको प्रथम बैठकमा प्रस्तुत गर्ने निर्णय गरियों ।

**प्रस्ताव नं.७.३**

बुटवल उपमहानगरपालिकाको छाडा पशुचौपाया व्यवस्थापन र नियन्त्रण (गौशाला सञ्चालन) विधेयक, २०८० माथि छलफल सम्बन्धमा ।

**निर्णय नं.७.३**

बुटवल उपमहानगरपालिकाको लागि आवश्यक भई विधेयक र विधायन समितिमा समेत छलफल भई कार्यालयबाट पेश हुन आएको छाडा पशुचौपाया व्यवस्थापन र नियन्त्रण (गौशाला सञ्चालन)

विधेयक, २०८० माथि छलफल गरियो । उक्त विधेयक मिति २०८०/९/११ गते दिनको २:०० बजे बस्ने नगरसभाको १४ औं अधिवेशनको प्रथम बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.४**

नगर शिक्षा ऐन, २०७४ (दोस्रो संशोधन २०८०) माथि संशोधन सम्बन्धमा ।

**निर्णय नं.७.४**

बुटवल उपमहानगरपालिकाको नगर शिक्षा ऐन, २०७४ माथि कार्यान्वयनको सन्दर्भमा केही बुदाहरुमा संशोधन गर्न आवश्यक भएको हुँदा कार्यालयबाट पेश हुन आएको संशोधन प्रस्ताव मिति २०८०/९/११ गते दिनको २:०० बजे बस्ने नगररसभाको १४ औ अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७.५ विविध ।**

**प्रस्ताव नं. ७.५.१**

नगर स्वास्थ्य ऐन,२०७५ (दोस्रो संशोधन २०८०) माथि संशोधन सम्बन्धमा ।

**निर्णय नं. ७.५.१**

बुटवल उपमहानगरपालिकाको नगर स्वास्थ्य ऐन, २०७५ माथि कार्यान्वयनको सन्दर्भमा केही बुदाहरुमा संशोधन गर्न आवश्यक भएको हुँदा कार्यालयबाट पेश हुन आएको संशोधन प्रस्ताव मिति २०८०/९/११ गते दिनको २:०० बजे बस्ने नगरसभाको १४ औ अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.५.२**

स्वमूल्यांकन (LISA) को जानकारी सम्बन्धमा ।

**निर्णय नं.७.५.२**

आ.व. ०७९/०८० को बुटवल उपमहानगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) का विषय क्षेत्रहरु र सूचक बमोजिम डाटा प्रविष्ट कार्यमा सहयोग एवं सहजिकरण गर्नका लागि गठित कार्यदल मार्फत सम्पादन भएका विषयमा प्रविष्ट पश्चात ९४.५० अंक प्राप्त भएको व्यहोरा आजको बैठकमा जानकारी भयो । सवमूल्यांकनको सूचक बमोजिम बुटवल उपमहानगरपालिकाबाट सम्पादन हुन बाँकी रहेका विषय क्षेत्रहरुलाई समेत समेटदै क्रमश कार्यान्वयन गर्दै जाने गरी उल्लेखित स्वमूल्यांकन अंक अनुमोदन गरियो ।

प्रस्ताव नं. ७.५.३

सडक ग्राभेलिङ्गको रकम बाँडफाँट सम्बन्धमा ।

निर्णय नं. ७.५.३

बुटवल उपमहानगरपालिकाको आ.व. २०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अर्न्तगत सडक ग्राभेलिङ्ग (वडा नं. १२ देखि १९) का लागि खर्च शीर्षक ३११५१ क.सं. ५६३, आन्तरिक श्रोतमा विनियोजित रु. १,००,००,०००। (एक करोड) मध्येबाट देहायका वडाहरुका लागि देहाय बमोजिमको रकम छुट्याई उपभोक्ता समिति मार्फत कार्य प्रक्रिया अगाडि वढाउन आवश्यक भएको र मिति २०८०।०७।१२ मा बसेको पूर्वाधार विकास समितिको बैठकबाट समेत सिफारिस भई आएको हुँदा सोही अनुसार कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वडास्तरीय सडक ग्राभेल तथा सडक स्तरोन्नती | वडा नं. १२ | १२,५०,००० ।- | |
| २ | वडास्तरीय सडक ग्राभेल तथा सडक स्तरोन्नती | वडा नं. १३ | १२,५०,००० ।- | |
| ३ | वडास्तरीय सडक ग्राभेल तथा सडक स्तरोन्नती | वडा नं. १४ | १२,५०,००० ।- | |
| ४ | वडास्तरीय सडक ग्राभेल तथा सडक स्तरोन्नती | वडा नं. १५ | १२,५०,००० ।- | |
| ५ | वडास्तरीय सडक ग्राभेल तथा सडक स्तरोन्नती | वडा नं. १६ | १२,५०,००० ।- | |
| ६ | वडास्तरीय सडक ग्राभेल तथा सडक स्तरोन्नती | वडा नं. १७ | १२,५०,००० ।- | |
| ७ | वडास्तरीय सडक ग्राभेल तथा सडक स्तरोन्नती | वडा नं. १८ | १२,५०,००० ।- | |
| ८ | वडास्तरीय सडक ग्राभेल तथा सडक स्तरोन्नती | वडा नं. १९ | १२,५०,००० ।- | |
| जम्मा रु. | | | १,००,००,०००।- | |

प्रस्ताव नं. ७.५.४

शुभकामना सम्बन्धमा ।

निर्णय नं. ७.५.४

उधौली य:मरि पर्व मनाउने समुदायका बुवा, आमा, दाजु, भाई तथा दिदी बहिनीहरुमा सुख शान्ति तथा उत्तरोत्तर प्रगतिको कामना सहित यो बैठक हार्दिक शुभकामना व्यक्त गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।